# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, वैशाख ३० गते, २०७६ साल (संख्या ५


# भाग ३

## नेपाल सरकार
## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको
## सूचना

### सार्वजनिक खरिद (छैठौं संशोधन) नियमावली, २०७५

सार्वजनिक खरिद नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम “सार्वजनिक खरिद (छैठौं संशोधन) नियमावली, २०७५” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सार्वजनिक खरिद नियमावली, २०६४ मा नियम ३क.थप** : सार्वजनिक खरिद नियमावली, २०६४ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ३ पछि देहायको नियम ३क. थपिएको छ :-

"३क. **प्याकेजिङ्ग तथा समूह विभाजन सम्बन्धी व्यवस्था** : (१) सार्वजनिक निकायले खरिद कार्यको प्याकेजिङ्ग गर्दा नियम ७ को उपनियम (२) को खण्ड (ग) बमोजिम खरिद गुरुयोजनामा उल्लिखित प्याकेज सङ्ख्याको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ ।

(२) सार्वजनिक निकायले खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने गरी तयारी गर्दा अलग अलग रुपमा सम्पन्न गर्न सकिने प्रकृतिको निर्माण कार्यका लागि अधिकतम प्रतिस्पर्धा हुने हदसम्म छुट्टा छुट्टै रुपमा बोलपत्र आव्हान गर्नु पर्नेछ ।

(३) एक आपसमा अन्तर सम्बन्धित भई एउटै प्याकेजमा सञ्चालन गर्नु पर्ने भएमा बाहेक प्रतिस्पर्धालाई सङ्कुचित र सीमित गर्ने गरी ठूला ठूला प्याकेज बनाई बोलपत्र आव्हान गर्नु हुँदैन ।"

३. **मूल नियमावलीको नियम ६ मा संशोधन** : मूल नियमावलीको नियम ६ को,-

(१) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान गर्नु हुँदैन ।"

(२) उपनियम (३) पछि देहायका उपनियम (४) र (५) थपिएका छन् :-

"(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत हुन बाँकी रहेको अवस्थामा बोलपत्र आह्वान गर्न बाधा पर्ने छैनः-

(क) उपनियम (३) प्रारम्भ हुँदाका बखत स्वीकृत भइसकेको आयोजना कार्यान्वयन गर्नु पर्दा,

(ख) कुनै विशेष परियोजना कार्यान्वयन गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय भएमा ।

(५) सार्वजनिक निकायले बहुवर्षीय सम्झौता बमोजिम गरिने खरिदको हकमा उपनियम (२) को खण्ड (क) बमोजिम अन्य वर्षको लागि खरिद कारबाही गर्दा आवश्यक पर्ने बजेटको सुनिश्चितता गरेर मात्र खरिदको कारबाही शुरु गर्नु पर्नेछ ।"

४. **मूल नियमावलीको नियम १४ मा संशोधन** : मूल नियमावलीको नियम १४ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) सार्वजनिक निकायको प्रमुख आफैंले यस नियम बमोजिम लागत अनुमान वा नियम ५क. बमोजिमको विवरण स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।"

५. **मूल नियमावलीको नियम २६ मा संशोधन** : मूल नियमावलीको नियम २६ को उपनियम (३) को खण्ड (ग) मा रहेको "जनशक्ति," भन्ने शब्द पछि "उपनियम (१) को खण्ड (च) बमोजिमका" भन्ने शब्दहरु थपिएका छन् ।

६. **मूल नियमावलीको नियम २८ मा संशोधन** : मूल नियमावलीको नियम २८ को उपनियम (७) पछि देहायको उपनियम (७क) थपिएको छ :-

"(७क) निर्माण कार्यमा संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) बाट कार्य सम्पन्न गर्ने गरी बोलपत्र प्रक्रियामा समावेश भई ठेक्का प्राप्त

गरेको अवस्थामा संयुक्त उपक्रमका सबै सदस्यले दायित्व बहन गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ । त्यस्तो कार्यको जिम्मेवारी संयुक्त उपक्रमका कुनै एक सदस्य वा सीमित सदस्य वा अन्य कसैलाई हस्तान्तरण गर्न पाइने छैन ।"

७. **मूल नियमावलीको नियम ३१ङ. मा संशोधन** : मूल नियमावलीको नियम ३१ङ. को,-

(१) उपनियम (१) मा रहेका "एक अरब" भन्ने शब्दहरुको सट्टा "दुई अरब" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छ :-

"(६) उपनियम (४) बमोजिम प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा योग्यताको आधारमा असफल हुने बोलपत्रदाताको आर्थिक प्रस्ताव सम्बन्धित बोलपत्रदातालाई फिर्ता गर्नु पर्नेछ ।

तर विद्युतीय खरिद प्रणालीद्वारा बोलपत्र पेश गर्ने बोलपत्रदाताको आर्थिक प्रस्ताव फिर्ता हुने छैन ।"

८. **मूल नियमावलीको नियम ३१च. मा संशोधन** : मूल नियमावलीको नियम ३१च. को सट्टा देहायको नियम ३१च. राखिएको छ :-

"३१च. **स्वदेशी बोलपत्रदातालाई प्राथमिकता दिने** : (१) अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा एकल रुपमा वा स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपकम गरी सहभागी हुने स्वदेशी फर्म, संस्था वा कम्पनीलाई प्राथमिकता (डोमेष्टिक प्रिफरेन्स) दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राथमिकता दिँदा सबै भन्दा कम कबुल गर्ने विदेशी फर्म, संस्था वा कम्पनीले कबोल गरेको बोल अङ्क रकमको पाँच प्रतिशतसम्म बढी बोल अङ्क भएको स्वदेशी फर्म, संस्था वा कम्पनीको प्रस्तावलाई स्वीकृत गर्न सकिनेछ ।"

९. **मूल नियमावलीको नियम ३६ मा संशोधन** : मूल नियमावलीको नियम ३६ को उपनियम (१) मा रहेका "मूल्याङ्कन कार्य शुरु गरेको" भन्ने शब्दहरुको सट्टा "प्रस्ताव खोलेको" भन्ने शब्दहरु राखिएका छन् ।

१०. **मूल नियमावलीको नियम ४० मा संशोधन** : मूल नियमावलीको नियम ४० को उपनियम (२) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :-

"(च) ऐन, यस नियमावली र स्ट्याण्डर्ड बिडिङ्ग डकुमेण्टको विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात ।"

११. **मूल नियमावलीको नियम ४५ मा संशोधन** : मूल नियमावलीको नियम ४५ को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ :-

"(ञ) ऐन, यस नियमावली र स्ट्याण्डर्ड विडिङ्ग डकुमेण्टको विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात ।"

१२. **मूल नियमावलीको नियम ४६ मा संशोधन** : मूल नियमावलीको नियम ४६ को खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छ :-

"(ट) ऐन, यस नियमावली र स्ट्याण्डर्ड विडिङ्ग डकुमेण्टको विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कुरा ।"

१३. **मूल नियमावलीको नियम ४९क. मा संशोधन** : मूल नियमावलीको नियम ४९क. को खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :-

"(झ) ऐन बमोजिम कालोसूचीमा परेको व्यक्ति, फर्म, संस्था वा कम्पनीको सञ्चालकले आफ्नो पूर्ण वा आंशिक स्वामित्व कायम रहने गरी खोलेको नयाँ फर्म, कम्पनी वा संस्था वा निज आफैं वा निज समेतको नाममा भैरहेको अर्को फर्म, संस्था वा कम्पनीले बोलपत्र पेश गर्न नसक्ने कुरा,"

१४. **मूल नियमावलीको नियम ५३ मा संशोधन** : मूल नियमावलीको नियम ५३ को,-

(१) उपनियम (१) मा रहेका "वाणिज्य बैंकले" भन्ने शब्दहरुको सट्टा "वाणिज्य बैंक वा वित्तीय संस्थाले" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (५) पछि देहायको उपनियम (५क) थपिएको छ :-

"(५क) सार्वजनिक निकायले बोलपत्रको मान्य हुने अवधि बढाउनु पर्ने कारणको विश्लेषण गरी पुष्ट्याईं हुने पर्याप्त आधार भएमा मात्र उपनियम (५) बमोजिम बोलपत्रको मान्य हुने अवधि बढाउन पत्र पठाउनु पर्नेछ । बोलपत्रको मान्य हुने अवधि बढाउनु पर्ने त्यस्तो आधार र कारण बिना समयमा नै बोलपत्र मूल्याङ्कन नगरेको वा पेश भएको मूल्याङ्कनको सम्बन्धमा समयमा नै निर्णय नगरेको कारणबाट बोलपत्रको मान्य हुने अवधि बढाउँदा त्यसबाट हानि नोक्सानी हुन गएमा सोको जिम्मेवारी त्यस्तो काममा संलग्न कर्मचारी र मूल्याङ्कन समितिका पदाधिकारी समेतको हुनेछ ।"

(३) उपनियम (६) पछि देहायको उपनियम (६क) थपिएको छ :-

"(६क) उपनियम (६) बमोजिम बोलपत्रको मान्य हुने अवधि बढाउने बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित प्रावधानको प्रतिकूल हुने गरी कुनै पनि थप शर्त उल्लेख गर्न सक्ने छैन ।"

१५. <u>**मूल नियमावलीको नियम ५८ मा संशोधन**</u> : मूल नियमावलीको नियम ५८ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) सार्वजनिक निकायले नै संशोधन गरेको कारणबाट दर्ता भइसकेको बोलपत्र संशोधन गर्नुपर्ने अवस्थामा बाहेक उपनियम (२) बमोजिमको निवेदन एक पटक भन्दा बढी दिन पाइने छैन ।"

१६. <u>**मूल नियमावलीको नियम ६५ मा संशोधन**</u> : मूल नियमावलीको नियम ६५ को,-

(१) उपनियम (२) मा रहेका "त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको" भन्ने शब्दहरु पछि "वा उपनियम (१) को खण्ड (ग) बमोजिमको" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (४) पछि देहायका उपनियम (५), (६), (७) र (८) थपिएका छन् :-

"(५) मूल्याङ्कन समितिले ऐनको दफा २५ बमोजिम बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्र कागजातमा उल्लेख भए बमोजिम कुनै सार्वजनिक निकायमा प्रयोगमा रहेको बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता त्यस्तो निकायलाई आवश्यक पर्ने हदसम्म त्यस्तो बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता थप कार्यको लागि गणना हुने छैन ।

(६) बोलपत्रदाताले आफूले गरेको विगत पाँच आर्थिक वर्षको औसत वार्षिक कारोबार रकमको बढीमा चार गुणाले हुन आउने रकम सम्मको मात्र बोलपत्र लिन सक्ने कुरालाई बोलपत्रदाताको योग्यता र मूल्याङ्कनको आधारको रुपमा लिनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम औसत वार्षिक कारोबार (टर्न ओभर) रकमको चार गुणाले हुन आउने रकम गणना गर्दा बोलपत्रदाताको चालु ठेक्काको लागि यस्तो रकम छुट्याएर मात्र एकीन गर्नु पर्नेछ ।

(८) बोलपत्रदाताको पछिल्लो आर्थिक वर्षको वासलातमा निजको नगद प्रवाह सकारात्मक रहेको, खुद दायित्व भन्दा सम्पत्ति (नेटवर्थ) बढी भएको र सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा निशर्त क्रेडिट लाईनको सुविधा उपलब्ध भएको हुनु पर्नेछ ।"

१७. **मूल नियमावलीमा नियम ६५क. थप** : मूल नियमावलीको नियम ६५ पछि देहायको नियम ६५क. थपिएको छ :-

"६५क. **मूल्याङ्कन प्रक्रियाबाट हटाईने** : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालक उपर प्रचलित कानून बमोजिम भ्रष्टाचारको कसूरमा मुद्दा दायर भएमा त्यस्तो मुद्दामा सफाइ नपाएसम्म त्यस्तो बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म,

संस्था वा कम्पनीका सञ्चालकले एकल वा संयुक्त उपक्रमबाट पेश गरेको प्रस्तावलाई मूल्याङ्कन प्रक्रियाबाट हटाईनेछ।"

१८. **मूल नियमावलीको नियम ६९ मा संशोधन** : मूल नियमावलीको नियम ६९ को खण्ड (च) पछि देहायका खण्ड (च१) र (च२) थपिएका छन् :-

"(च१) परामर्शदाताको मुख्य जनशक्तिको रुपमा प्रस्तावित परामर्शदाता सम्झौता पश्चात काम गर्न नसक्ने गरी बिरामी भएको, दुर्घटनामा परेको वा मृत्यु भएको वा अन्य मनासिब कारणले त्यस्तो कार्य गर्न नसक्ने भएकोमा बाहेक अन्य अवस्थामा त्यस्तो मुख्य जनशक्तिको रुपमा प्रस्तावित व्यक्तिलाई परिवर्तन गर्न नसक्ने कुरा,

(च२) कुनै परामर्शदाता मुख्य जनशक्तिको हैसियतले सम्झौता बमोजिम पूर्णकालीन रुपमा संलग्न रहेको अवस्थामा सम्झौता बमोजिम कार्य सम्पन्न नभएसम्म सो सम्झौता बमोजिमको कार्यतालिकामा दोहोरो पर्ने गरी सोही व्यक्तिको व्यक्तिगत विवरण अन्य परामर्श सेवा खरिद प्रक्रियामा प्रयोग गर्न नमिल्ने कुरा।"

१९. **मूल नियमावलीको नियम ८२ मा संशोधन** : मूल नियमावलीको नियम ८२ को सट्टा देहायको नियम ८२ राखिएको छः-

"८२. **सोझै वार्ताबाट खरिद गर्न सक्ने** : (१) सार्वजनिक निकायलाई उपयोगी र आवश्यक पर्ने तालिम, गोष्ठी र सेमिनार जस्ता विषयमा मात्र सेवा लिनु परेमा पाँच लाख रुपैयाँसम्मको परामर्श सेवामा सार्वजनिक निकायको प्रमुख आफैंले र सोभन्दा माथि बीस लाख रुपैयाँसम्मको हकमा एक तह माथिको अधिकारीको स्वीकृति लिई ऐनको दफा ३७ को प्रतिकूल नहुने गरी सोझै वार्ताबाट खरिद गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिमको कार्यको लागि एक तह माथिको अधिकारीको स्वीकृति लिई बीस लाख रुपैयाँसम्मको परामर्श सेवा खरिद गर्नु पर्ने अवस्थामा कम्तीमा तीन वटा प्रस्ताव प्राप्त गरी सबैभन्दा उपयोगी र कम मूल्य प्रस्ताव गर्नेसँग गुणस्तर र मूल्यलाई समेत एकीन गर्न सोझै वार्ता गरी खरिद गर्नु पर्नेछ ।"

२०. **मूल नियमावलीको नियम ८४ मा संशोधन** : मूल नियमावलीको नियम ८४ को,-

(१) उपनियम (९) पछि देहायको उपनियम (९क) थपिएको छ :-

"(९क) पहिलो पटकको सूचना बमोजिम पेश भएका दरभाउपत्र मध्ये न्यूनतम तीन वटा दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही हुने अवस्थामा मात्र सबैभन्दा कम कबोल अङ्क रहेको दरभाउपत्र स्वीकृतिका लागि मूल्याङ्कन समितिले छनौट गर्नु पर्नेछ ।"

(२) उपनियम (१४) मा रहेका "परिच्छेद तीनमा" भन्ने शब्दहरुको सट्टा "परिच्छेद-५ मा" भन्ने शब्दहरु राखिएका छन् ।

२१. **मूल नियमावलीको नियम ८५ मा संशोधन** : मूल नियमावलीको नियम ८५ को उपनियम (१ख) को सट्टा देहायको उपनियम (१ख) राखिएको छ :-

"(१ख) उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सो उपनियमहरुमा उल्लिखित सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन ।"

२२. **मूल नियमावलीको नियम ९४ मा संशोधन** : मूल नियमावलीको नियम ९४ को उपनियम (४) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) जिल्ला समन्वय समितिले तोकेको प्राविधिक -सदस्य"

२३. **मूल नियमावलीको नियम ९५ मा संशोधन** : मूल नियमावलीको नियम ९५ को उपनियम (३) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) जिल्ला समन्वय समिति,"

२४. **मूल नियमावलीको नियम ९७ मा संशोधन** : मूल नियमावलीको नियम ९७ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिनेछ ।"

२५. **मूल नियमावलीको नियम ९९ मा संशोधन** : मूल नियमावलीको नियम ९९ को,-

(१) उपनियम (२) मा रहेका "उपनियम (१) बमोजिमको काम गराउनको लागि" भन्ने शब्दहरुको सट्टा "दश लाख रुपैयाँसम्मको काम गराउनको लागि" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (७) पछि देहायको उपनियम (८) थपिएको छ :-

"(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दश लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको काम गराउनको लागि नियम ७० बमोजिम खुला रुपमा आशयपत्र माग गरी परामर्श सेवा खरिदको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।"

२६. **मूल नियमावलीको नियम १०१ मा संशोधन** : मूल नियमावलीको नियम १०१ को सट्टा देहायको नियम १०१ राखिएको छ :-

"**१०१. रकमको हद** : (१) ऐनको दफा ४७ को उपदफा (८) को प्रयोजनको लागि साठी लाख रुपैयाँ भन्दा कम रकमको खरिद कारबाहीको सम्बन्धमा पुनरावलोकन समिति समक्ष निवेदन दिन सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पूर्वयोग्यता वा प्राविधिक प्रस्ताव जस्ता मूल्य

नखुल्ने प्रकृतिका बोलपत्र वा प्रस्तावको मूल्याङ्कन उपर पुनरावलोकन समिति समक्ष निवेदन दिन सकिनेछ ।"

२७. **मूल नियमावलीको नियम १०४ मा संशोधन** : मूल नियमावलीको नियम १०४ को उपनियम (१) मा रहेका "०.१५ (शुन्य दशमलव एक पाँच)" भन्ने शब्दहरुको सट्टा "०.१ (शुन्य दशमलव एक)" भन्ने शब्दहरु राखिएका छन् ।

२८. **मूल नियमावलीको नियम ११२ मा संशोधन** : मूल नियमावलीको नियम ११२ को उपनियम (५) पछि देहायको उपनियम (६) थपिएको छ :-

"(६) यस नियममा उल्लिखित प्रावधानको प्रतिकूल हुने गरी बीमाको शर्तमा परिवर्तन गर्न स्वीकृति दिएको कारणले हानि नोक्सानी हुन पुगेमा त्यसको जिम्मेवारी त्यस्तो स्वीकृति दिने कार्यमा संलग्न कर्मचारी र सार्वजनिक निकायका प्रमुखको हुनेछ ।"

२९. **मूल नियमावलीको नियम ११७ मा संशोधन** : मूल नियमावलीको नियम ११७ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित नभएसम्म त्यस्तो कुनै पनि कार्य स्वीकार गर्नु हुँदैन ।"

३०. **मूल नियमावलीको नियम १२० मा संशोधन** : मूल नियमावलीको नियम १२० को,-

(१) उपनियम (१) मा रहेका "सात दिन" भन्ने शब्दहरुको सट्टा "एक्काईस दिन" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा निवेदनमा म्याद थप गर्नको लागि खुलाइएको कारण खरिद सम्झौता बमोजिम मनासिब देखिएमा सोको कारण खुलाई शुरु सम्झौता अवधिको पन्ध्र प्रतिशत सम्मको अवधिसम्मको म्याद थप गर्नु पर्ने भएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले

र सो भन्दा बढी पच्चीस प्रतिशत अवधिसम्मको म्याद थप गर्नु पर्ने भएमा विभागीय प्रमुखले थप गर्न सक्नेछ।"

(३) उपनियम (३) पछि देहायका उपनियम (४), (५), (६) र (७) थपिएका छन् :-

"(४) उपनियम (३) मा उल्लिखित अवधि भन्दा बढी अवधिको म्याद थप गर्नुपर्ने मनासिब कारण भएमा सम्बन्धित मन्त्रालयको सचिवले थप गर्न सक्नेछ।

(५) उपनियम (३) र (४) बमोजिमको म्याद थप सम्बन्धी निर्णय सम्झौता अवधिभित्रै गरिसक्नु पर्नेछ।

(६) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि शुरु सम्झौताको पचास प्रतिशतभन्दा बढी हुने गरी म्याद थप गर्न पाइने छैन।

(७) उपनियम (३) र (४) बमोजिम म्याद थप नभएमा सो सम्झौता अन्त्य गर्नु पर्नेछ।"

३१. **मूल नियमावलीको नियम १२३ मा संशोधन** : मूल नियमावलीको नियम १२३ को उपनियम (४) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "तर" भन्ने शब्द पछि "निर्माण कार्य बाहेक खरिदको कुनै खास प्रकृतिको कारणले" भन्ने शब्दहरु थपिएका छन्।

३२. **मूल नियमावलीको नियम १२५ मा संशोधन** : मूल नियमावलीको नियम १२५ को,-

(१) उपनियम (१) पछि देहायका उपनियम (१क) र (१ख) थपिएका छन् :-

"(१क) खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भइसकेपछि सम्झौता बमोजिम निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नु पर्नेछ। यस्तो दाबी गर्दा सम्बन्धित सार्वजनिक निकायले प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी सम्बन्धित अधिकारीबाट प्रमाणित गराई राख्नु पर्नेछ।

(१ख) सार्वजनिक निकायले उपनियम (१क) बमोजिमको अभिलेखको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई गराउनु पर्नेछ र त्यस्तो अभिलेख सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली, वेबसाइट वा अन्य उपयुक्त माध्यमबाट समेत सार्वजनिक गर्नु पर्नेछ ।"

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) उपनियम (२) बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा उपनियम (१क) बमोजिमको अभिलेख समेत संलग्न गर्नु पर्नेछ ।"

३३. <u>**मूल नियमावलीको नियम १३७ मा संशोधन :**</u> मूल नियमावलीको नियम १३७ को :-

(१) उपनियम (१) र (२) को सट्टा देहायका उपनियम (१) र (२) राखिएका छन् :-

"(१) सम्बन्धित सार्वजनिक निकायले खरिद सम्झौता गरेको तीन दिनभित्र देहायको लागत अनुमान भएको खरिदको सम्बन्धमा सम्झौताकर्ताको नाम, ठेगाना, सम्झौता बमोजिमको कार्य, उद्देश्य, रकम, अवधि लगायत अन्य आवश्यक विवरण सहितको सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीमा राख्नु पर्नेछ :-

(क) बीस लाख रुपैयाँ भन्दा बढीको अन्य सेवा र मालसामान,

(ख) बीस लाख रुपैयाँ भन्दा बढीको परामर्श सेवा,

(ग) दुई करोड रुपैयाँ भन्दा बढीको सार्वजनिक निर्माण ।

(२) उपनियम (१) बमोजिमको विवरण सम्बन्धित सार्वजनिक निकायको वेबसाइट भए सो वेबसाइटमा समेत राखी जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, जिल्ला कोष तथा लेखा

नियन्त्रक कार्यालय तथा सम्बन्धित स्थानीय तहको सूचना पाटीमा समेत टाँस गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।"

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ:-

"(२क) उपनियम (२) बमोजिमको सूचना सम्बन्धित सार्वजनिक निकायले सार्वजनिक निर्माणको हकमा निर्माणस्थलमा समेत सबैले हेर्न र देख्न सकिने गरी सूचना पाटी बनाई राख्नु पर्नेछ ।"

३४. **मूल नियमावलीको नियम १४१ मा संशोधन** : मूल नियमावलीको नियम १४१ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) उपनियम (१) बमोजिम लेखी आएपछि सार्वजनिक खरिद अनुगमन कार्यालयले त्यस्तो विवरण, कारण र कागजातलाई जाँचबुझ गर्दा त्यस्तो बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई तत्काल सार्वजनिक खरिदमा भाग लिनबाट रोक लगाउनु पर्ने देखिएमा यस नियम बमोजिमको कालोसूचीमा राख्ने सम्बन्धी प्रक्रिया पूरा नभएसम्मका लागि नयाँ खरिद कारबाहीमा सहभागी हुनबाट रोक लगाउन सक्नेछ ।"

(२) उपनियम (४) मा रहेका "उपनियम (३)" भन्ने शब्दहरुको सट्टा "उपनियम (२)" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (४क) मा रहेको "कम्तीमा दुई पटक" भन्ने शब्दहरु झिकिएका छन् ।

३५. **मूल नियमावलीमा नियम १४५ख. थप** : मूल नियमावलीको नियम १४५क. पछि देहायको नियम १४५ख. थपिएको छ :-

"**१४५ख. खरिदमा भाग लिन नपाउने** : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालकका विरुद्धमा प्रचलित

कानून बमोजिम भ्रष्टाचारको अभियोगमा मुद्दा दायर भएमा त्यस्तो मुद्दाको निर्णय भई सफाइ नपाएसम्म त्यस्तो बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालकले एकल वा संयुक्त उपक्रमबाट समेत खरिद कारबाहीमा भाग लिन पाउने छैन ।

तर खरिद सम्झौता भइसकेको अवस्थामा त्यस्तो सम्झौता बमोजिमको कार्य गर्न यो व्यवस्थाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।"

३६. **मूल नियमावलीको नियम १४६ मा संशोधन** : मूल नियमावलीको नियम १४६ को उपनियम (२) झिकिएको छ ।

३७. **मूल नियमावलीको नियम १४८ मा संशोधन** : मूल नियमावलीको नियम १४८ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) प्रत्येक जिल्लामा पूरै जिल्लाभरी वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न देहायका सदस्यहरु रहेको दररेट निर्धारण समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) जिल्ला समन्वय समितिले तोकेको जिल्ला समन्वय समितिको सदस्य एक जना - सदस्य

(ग) जिल्ला समन्वय अधिकारी - सदस्य

(घ) प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय - सदस्य

(ङ) प्रतिनिधि, नेपाल निर्माण व्यवसायी महासंघ - सदस्य

(च) प्रतिनिधि, उद्योग वाणिज्य संघ - सदस्य

(छ) प्रमुख जिल्ला अधिकारीले तोकेको प्राविधिक कर्मचारी - सदस्य-सचिव"

(२) उपनियम (२) मा रहेका "श्रावण महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "असार मसान्तभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) यस नियम बमोजिम दररेट निर्धारण गर्दा सो जिल्लासँग सिमाना जोडिएका जिल्लाको दररेट निर्धारण समितिले निर्धारण गरेको दररेट समेतलाई आधार लिनु पर्नेछ ।"

३८. **मूल नियमावलीको अनुसूचीमा संशोधन** : मूल नियमावलीको अनुसुची-१ र अनुसूची-१क. को सट्टा संलग्न अनुसुची-१ र अनुसूची-१क. राखिएका छन् ।

३९. **खारेजी** : मूल नियमावलीको नियम ५४क. खारेज गरिएको छ ।

"अनुसूची-१

(नियम १० को उपनियम (७) सँग सम्बन्धित)

## निर्माण कार्यको लागत अनुमानको ढाँचा

(क) आइटमको दररेट निकाल्ने तरिका :

श्रमिकहरुको खर्च ........................................................ (क)

निर्माण सामाग्रीको खर्च ................................................ (ख)

यान्त्रिक उपकरणको भाडा (तैल्य पदार्थ सहित).................. (ग)

आइटमको दररेट (क+ख+ग) = (घ)

बोलपत्रदाताको ओभरहेड (घ को १५ प्रतिशत) = ०.१५×(घ)

जम्मा दररेट (ङ) = १.१५×(घ)

(ख) लागत अनुमान निकाल्ने तरिका :

| क.सं. | आइटम | एकाइ | आइटमको जम्मा दररेट | आइटमको जम्मा परिमाण | आइटमको जम्मा खर्च |
|---|---|---|---|---|---|
| १<br>२<br>३<br>... | आइटम (१)<br>आइटम (२)<br>आइटम (३)<br>इत्यादि | | (च)<br>(छ)<br>(ज) | (ट)<br>(ठ)<br>(ड) | (च)×(ट)<br>(छ)×(ठ)<br>(ज)×(ड) |

जोड (व) = (च×ट+छ×ठ+ज×ड+.....)

वर्क चार्ज स्टाफ खर्च - (व) को २ प्रतिशत = ०.०२० × (व)

सानातिना अन्य खर्च - (व) को २ प्रतिशत = ०.०२० × (व)

जम्मा लागत इष्टिमेट अङ्क (त) = १.०४ × (व)

**द्रष्टव्य** :

(क) बोलपत्रको अङ्कलाई तुलना गर्दा लागत अनुमान अङ्क (व) लाई मानिनु पर्छ ।

(ख) उपर्युक्त अनुसार लागत अनुमान तयार गरिसकेपछि आयोजना/कार्यक्रमको बजेट व्यवस्थापनको लागि आवश्यकता अनुसार लागत अनुमानमा मूल्य समायोजन कन्टिन्जेन्सी बापत दश प्रतिशतले र फिजिकल कन्टिन्जेन्सी बापत दश प्रतिशतले आयोजना/कार्यक्रमको जम्मा लागतमा थप गर्नु पर्नेछ ।

(ग) वर्क चार्ज, स्टाफ खर्च, सानातिना अन्य खर्च र फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृत गराई गर्नु पर्नेछ ।

(घ) आयोजना/ कार्यक्रमको लागत अनुमान स्वीकृति र खरिद विधि छनौट गर्ने प्रयोजनका लागि जोड (व) मा मूल्य अभिवृद्धि कर र विभिन्न कन्टिन्जेन्सीहरु जोडी हुन आउने कुल लागत अनुमानलाई मानिनेछ ।

अनुसूची-१क.

(नियम १२ को उपनियम (४) सँग सम्बन्धित)

## परामर्श सेवाको लागत अनुमानको ढाँचा

| सेवा खर्च शीर्षक (क) | एकाइ (ख) | शीर्षक को प्रति इकाइ दर (ग) | शीर्षक को जम्मा परिमाण (घ) | शीर्षकको जम्मा लागत (ङ) |
|---|---|---|---|---|
| शीर्षक (१)<br>जनशक्तिको पारिश्रमिक (ङ१)<br>शीर्षक (२)<br>भ्रमण, बसोबास, मालसामान वा उपकरण वा सेवा लगायतका सोधभर्ना हुने खर्च (ङ२)<br>शीर्षक (३)<br>तालिम, गोष्ठी, कागजात छपाई वा अनुवाद लगायतका अन्य फुटकर खर्च (ङ३) | | | | (ङ१) = (ग×घ)<br>(ङ२) = (ग×घ)<br>(ङ३) = (ग×घ) |
| जम्मा लागत अनुमान (च) | | | | (च) = (ङ१)+(ङ२)+(ङ३) |
| कार्यालयको व्यवस्थापन खर्च (चार प्रतिशत) (छ) | | | | (छ) = (च×०.०४) |
| कूल लागत अनुमान अङ्क(ज) | | | | (ज) = (च+छ) |

द्रष्टव्य :

(क) बोलपत्रको तुलनाको लागि जम्मा लागत अनुमान अङ्क (च) हुनेछ ।

(ख) पारिश्रमिक खर्च (ङ१), सोधभर्ना हुने खर्च (ङ२) र अन्य फुटकर खर्च (ङ३) को विस्तृत विवरण तयार गरी यस लागत अनुमान फारामको साथमा राखी प्रस्तुत गर्नु पर्नेछ ।

(ग) उपर्युक्त अनुसार लागत अनुमान तयार गरिसकेपछि बजेट व्यवस्थापनको लागि आवश्यकता अनुसार जम्मा लागत अनुमानमा मूल्य समायोजन कन्टिन्जेन्सी बापत दश प्रतिशतले, विभिन्न कर बापत दश प्रतिशतले र मूल्य अभिवृद्धि कर रकम समेत थप गरी कूल लागत अनुमान अङ्क कायम गर्नु पर्नेछ ।

(घ) परामर्श सेवाको लागत अनुमान स्वीकृति र खरिद विधि छनौट गर्ने प्रयोजनका लागि जोड (च) मा मूल्य अभिवृद्धि कर र विभिन्न कन्टिजेन्सीहरु तथा कार्यालयको व्यवस्थापन खर्च जोडी हुन आउने कुल लागत अनुमानलाई मानिनेछ ।

(ङ) कार्यालय व्यवस्थापन खर्च गर्ने सन्दर्भमा सम्वन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधी स्वीकृत गराई सो अनुसार खर्च गर्नु पर्नेछ ।”

आज्ञाले,
डिल्लीराज घिमिरे
सचिव